# बारामा निर्वाधरूपमा घरेलु मदिरा बिक्रीवितरण

**सञ्जीवकुमार मिश्रा/हिटा**

**बारा, १६ माघ**

बाराको सदरमुकाम कलैयासहित जिल्लाभर नै निर्वाधरूपमा घरेलु मदिरा बिक्रीवितरण भइरहेको छ । प्रहरीले बिहीबार बसको डिकीमा लुकाईछिपाई घरेलु मदिरा लैजानेक्रममा १८० लिटर घरेलु मदिरा नियन्त्रणमा लिएको थियो । यस्तै, इलाका प्रहरी कार्यालय सिमराबाट खटिएको प्रहरी टोलीले बिहीबार नै जितपुर सिमरा उपमहानगरपालिका-१४ स्याउली चोकमा रहेको अवैध घरेलु मदिरा भट्टी नष्ट गरेको थियो । उक्त मदिरा भट्टीबाट सात सय लिटर मदिरा बनाउने कच्चा पदार्थ र ३५ लिटर तयारी मदिरा नियन्त्रणमा लिई नष्ट गरिएको प्रहरीले जनाएको छ ।



*मदिरा बनाउने कच्चा पदार्थ नष्ट गर्दै प्रहरी ।*

बाराको ग्रामीण भेगमा मात्र होइन, शहरमा समेत घरेलु मदिरा निर्वाधरूपमा बिक्रीवितरण हुँदै आएको छ । निर्वाधरूपमा मदिरा उत्पादन तथा बिक्रीवितरण हुँदै आए पनि कारबाहीको नाउँमा प्रहरीले मदिरा समाउने र रक्सी भट्टी नष्ट गर्नेबाहेक अरू केही गर्न नसकेको नागरिक समाज बाराका अध्यक्ष उमेशलाल दासले आरोप लगाउनुभयो । 'घरेलु मदिरा हाम्रा लागि विष हो सबैलाई थाहा भएको कुरा हो,' उहाँले भन्नुभयो, 'तर पनि जानी-जानी मानिसहरू कुलतमा लागेर यसको सेवन गर्दै आएका छन् । लतको कारण जानीजानी विष पिउनु त आफैंले आफैंलाई धोखा दिनु हो । जानी-जानी आफ्नो ज्यान आफैं लिनु हो । तर पनि यहाँका मानिसहरू त्यही रक्सी प्रयोग गर्दै आएका छन् ।'

'घरेलु मदिरा उत्पादन तथा बिक्रीवितरण कार्यलाई रोक्ने दायित्व राज्यको हो,' बारा नागरिक समाजका अध्यक्ष दासले भन्नुभयो, 'राज्यको दायित्व पूरा गर्ने प्रहरी प्रशासनले कडाइ नगर्दा घरेलु मदिरा उत्पादन तथा बिक्रीवितरण बढ्दै गएको हो ।' प्रहरीले मदिरा भट्टी र मदिरा नष्टमात्र गर्ने गर्छन् । तर, भट्टी सञ्चालकहरूलाई अहिलेसम्म समाउन सकेको अवस्था छैन । जसकारण मदिरा उत्पादन तथा बिक्रीवितरण गर्नेहरूको मनोबल बढेको उहाँले जानकारी दिनुभयो ।

मदिरा उत्पादन र बिक्रीवितरण गर्नेहरूलाई पक्राउ गरी कानुनी कठघरामा उभ्याउन सक्नुपर्दछ । 'मदिरा भट्टी र मदिरा नष्ट गरेर समस्या समाधान हुँदैन,' अध्यक्ष दासले बताउनुभयो । गाउँघरबाट घरेलु मदिरा सहजरूपले बाराको सदरमुकाम कलैयाका होटलहरूमा साइकल, मोटरसाइकल, अटोरिक्सा र बसमा हाली पुर्‍याइएपछि यसको बिक्रीवितरण सहज भएको हो । विशेष गरी बाराको गञ्जभवानीपुर, गडहल, बच्छनपूर्वा, कोल्हवी, बोधबन, टांगिया बस्ती, लामीडाँडा, डुमरवाना, पिलुवा, पथलैया, रतनपुरलगायत ठाउँहरूबाट घरेलु मदिरा उत्पादन गरी सदरमुकामलगायत बाराको हरेक क्षेत्रमा पुर्‍याउने गरिएको छ ।

घर-आँगनमै आइपुगेको घरेलु मदिरा सहजरूपले थोरै पैसामा खरिद गर्न पाउने भएकाले मानिसहरू विभिन्न रोगले ग्रसित हुने गरे पनि प्रहरी प्रशासनले यसलाई नियन्त्रण गर्न सकेको देखिँदैन । सदरमुकाम कलैयाका विशेषत: हरेक होटलदेखि ठेलामा समेत घरेलु मदिरा निर्वाधरूपमा बिक्रीवितरण हुँदै आएको छ । तर पनि प्रहरी प्रशासन यसबारे अनभिज्ञता जाहेर गर्दछ । बाराको कलैया, मटिअर्वा, प्रसौनी, डुमरवाना, जितपुर, सिमरा, पथलैया, अमलेखगञ्ज, निजगढ, कोल्हवी, गडहल, सिम्रौनगढ, बरियारपुर, गञ्जभवानीपुरलगायत बजार, टोल तथा गल्लीहरूमा समेत घरेलु मदिरा उत्पादन तथा बिक्रीवितरण बढ्दै गएको स्थानीयहरूले बताएका छन् । जिल्लामा अहिले पनि घरेलु मदिराको उत्पादन तथा बिक्रीवितरण नियन्त्रण हुन नसकेको स्थानीयहरूको गुनासो रहेको छ ।

घरेलु मदिराकै कारण कतिपय परिवार पलायन भए, कतिपयले आफ्नो ज्यान गुमाए र कतिपय भिख माग्ने अवस्थामा पुगेको भए पनि यसलाई सम्बन्धित निकायले नियन्त्रण गर्न सकेको अवस्था छैन । गाउँ त गाउँ सदरमुकाममा समेत होटल, सेकुवा पसल, ठेलामा समेत घरेलु मदिरा बिक्रीवितरण हुँदै आएको कलैयाका मनोज साहले बताउनुभयो ।

हरेक दिन साँझ कलैयाको मुख्य चोक भरतचोकमा ठेलामा समेत घरेलु मदिरा बिक्रीवितरण हुने गर्दछ । खुलेआमरूपमा भरतचोकमा घरेलु मदिरा बिक्रीवितरण भए पनि प्रहरीहरू रमिते भएर बस्छन् । कारबाहीको नाममा 'समय भयो अब तिमीहरू पसल बन्द गरेर घर जाऊ' भन्दा बढी केही गर्न सकेको अवस्था छैन । कलैयामा मात्र होइन, गाउँ-गाउँका हरेक चोक चौराहामा बिहान ४ बजेदेखि राति १० बजेसम्म घरेलु मदिरा निर्वाधरूपमा बिक्रीवितरण हुँदै आएको बारागढी गाउँपालिका-६ का वडा सदस्य रामअवतार रामले जानकारी दिनुभयो । उहाँले वडामा २४ सै घण्टा घरेलु मदिरा निर्माण र बिक्रीवितरण हुँदै आए पनि पटक-पटक जिल्ला प्रहरी र जिल्ला प्रशासन कार्यालयमा समेत जानकारी गराउँदा समेत यसको नियन्त्रणका लागि कुनै कदम नचालिएको जानकारी गराउनुभयो । 'हामीजस्ता गरिब मानिसहरूलाई यो मदिराले झन् दु:ख दिएको छ,' उहाँले भन्नुभयो, 'गाउँका युवाहरू जाँडरक्सीको कुलतमा लागेर बर्बाद भइरहेका छन्, दिनहुँ जाँडरक्सीका कारण झै-झगडा र घरेलु हिंसा बढ्दोक्रममा छ तर यसको नियन्त्रणका लागि कुनै ठोस कदम चालिएको छैन,' वडा सदस्य रामले आरोप लगाउनुभयो ।

जिल्लाबाट अवैध घरेलु मदिरा उत्पादन तथा बिक्रीवितरणमा रोक लगाउन अभियान नै चलाएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले बताउनुभयो । घरेलु मदिरा उत्पादन तथा बिक्रीवितरण भइरहेको थाहा पाउनेबित्तिकै नष्ट गर्ने काम गरेको उहाँले बताउनुभयो ।

# बिरामी हुँदा डोकोमा बोकेर स्वास्थ्य संस्था लानुपर्ने बाध्यता हट्यो

**दाने बोहरा/हिटा**

**हुम्ला, १६ माघ**

हुम्लाको दक्षिण भेगमा रहेको ताँजाकोट गाउँपालिकाका नागरिकले बिरामी हुँदा उपचारका लागि डोकोमा बोकेर लानुपर्ने बाध्यताको अन्त्य भएको छ । यहाँका अधिकांश गाउँका नागरिक बिरामी हुँदा स्वास्थ्य संस्थासम्म जानका लागि डोको प्रयोग गर्दै आएका थिए ।

गाउँपालिकाले आफ्नै एम्बुलेन्स सञ्चालनमा ल्याएपछि ताँजाकोटका स्थानीय नागरिकले उक्त समस्याबाट छुट्कारा पाएका हुन् । यसअघि ताँजाकोट गाउँपालिकाका सर्वसाधारणहरूलाई सामान्यदेखि जटिल खालका बिरामी पर्दा गाउँमै बनेका डोकोको माध्यमबाट स्वास्थ्यचौकीसम्म लैजानुपर्थ्यो तर अबदेखि यो समस्या हल भएको ताँजाकोट गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत लालप्रसाद ढकालले बताउनुभयो । उहाँका अनुसार कर्णाली करिडोरसँग ताँजाकोट जोडिएको र त्यसबाट गाउँपालिका केन्द्रसम्म लिंक सडक निर्माण भएपछि एम्बुलेन्स सञ्चालन गर्न सहज भएको हो । गाउँपालिकाको लामो प्रयासपछि उक्त एम्बुलेन्स गाउँमा पुर्‍याउन सफल भएको अधिकृत ढकालले बताउनुभयो ।

एम्बुलेन्स कर्णाली प्रदेश सरकारको ७० प्रतिशत र गाउँपालिकाको ३० प्रतिशत लागत साझेदारीमा ल्याउन सम्भव भएको बताइएको छ । यसअघि स्थानीय बासिन्दा बिरामी हुँदा गाउँपालिकाको गाडी प्रयोग हुँदै आएको थियो भने अबदेखि बिरामीको उद्धार एम्बुलेन्सबाटै हुने भएको छ । तर, यसअघि गाउँपालिकाको गाडी अन्यत्र गएको बेला निजी गाडी महँगो भाडा तिरेर बिरामीको उद्धार हुने गरेको थियो । स्थानीयका अनुसार गाउँपालिकाको आफ्नै एम्बुलेन्स सञ्चालनमा आएपछि यी सबै समस्याको समाधान भएको छ । गाउँपालिकामा आफ्नै एम्बुलेन्स सञ्चालन गर्ने जिल्लाकै ताँजाकोट पहिलो गाउँपालिका भएको छ । हुम्लाको ताँजाकोटका पाँचवटै वडा सडक सञ्जालले जोडिएको जानकारी प्राप्त भएको छ ।

# ट्याक्टर दुर्घटनामा एकको मृत्यु, दुईजना घाइते

**उदयपुर/हिटा ।** उदयपुरको त्रियुगा नगरपालिका-१ जोगीदह रूपनीमा खेत जोतेर आउँदै गरेको ट्याक्टर पल्टिँदा एक बालकको ज्यान गएको छ । खेत जोतेर घर आउँदै गरेको स १ त ४२९३ नम्बरको ट्याक्टर पल्टिएर घाइते हुनुभएका त्रियुगा नगरपालिका-१ रूपनीका सत्यनारायण चौधरीका १० वर्षीय छोरा नितेश चौधरीको जिल्ला अस्पताल गाईघाटमा उपचारका क्रममा ज्यान गएको हो । शनिबार राति ८ बजेतिर खेत जोतेर छोराहरूलाई लिएर आउँदै गरेको ट्याक्टर घर नजिकै पल्टिँदा चालक बुबा सत्यनारायण चौधरी, अर्का छोरा १२ वर्षीय निमिष चौधरी घाइते भएको जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिनुभयो ।


## टीकापुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति : २०७८/१०/१७

उपरोक्त बिषयमा यस कार्यालयको तर्फबाट हिमालय टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७८/०९/०५ गते प्रथम पटक प्रकाशित भएको र बोलपत्र आव्हान सम्बन्धी ३० दिने सूचना प्रकाशित भए बमोजिम तोकीएको म्याद भित्र अनलाईन ईलेक्ट्रोनीक बिडिङ्ग मार्फत पर्न आएका बोलपत्रहरु मध्ये तपशिल बमोजीमको बोलपत्र प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले र मुल्याङ्कन समितिबाट स्विकृतिको लागि छनौट गर्न सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ जानकारी गराईन्छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपशिल :**

| सि. नं. | आयोजनाको विवरण र आयोजना स्थल | बोलपत्रदाता फर्मको नाम र ठेगाना | ठेक्का नं. | कबोल गरेको रकम (१३ प्रतिशत मू.अ.कर बाहेक) रु. |
|---|---|---|---|---|
| १. | विजय नगर स्थित शहरी स्वास्थ्य केन्द्र हुँदै रानकिुला सिमाना सम्मको बाटो तथा कोठारपुर प्रदेशु चौधरीको घरदेखि पार्क रोड करुणा बोर्डिङ्ग स्कूल सम्मको बाटो कालोपत्रे निर्माण आयोजना,वडा नं.२, विजयनगर र कोठारपुर , टीकापुर, कैलाली । | निराजन कन्स्ट्रक्सन , प्रो. अमरसिंह रावल, टीकापुर-१, कैलाली | NCB/WORKS / 07/2078/079 | रु.३९,७५,६७७/५० |
| २. | उर्दिपुर देखि झन्झटपुर हुँदै मनिकापुर भएर पहाडीपुर जानेबाटो कालोपत्रे सडक निर्माण आयोजना), वडा नं. ५, मनिकापुर, कैलाली । | न्यू समिप निर्माण सेवा, प्रो. ज्ञानेन्द्र बहादुर शाह, जनाली बन्डाली -४, अछाम । | NCB/WORKS / 08/2078/079 | रु.३८,०७,५१२/०० |
| ३. | बेलुवा चौराहादेखि बेलुवा दिव्यीपुर प्रतिपुर हुँदै हुलाकी सडक सम्म र सत्ती बसपार्क देखि पदमपुर हुँदै डाँडाबोझी हुँदै खकौला सडक सम्म जाने कालोपत्रे निर्माण आयोजना, वडा नं. ७, कैलाली । | न्यू समिप निर्माण सेवा, प्रो. ज्ञानेन्द्र बहादुर शाह , जनाली बन्डाली -४, अछाम । | NCB/WORKS / 09/2078/079 | रु.३७,९६,७६४/९० |

(प्रमुख प्रशासकिय अधिकृत)

**आयोजना प्रमुख**



## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. २००७/०८/०२

स्वर्गारोहणः
वि.स. २०७८/१०/०६

**स्व. मुकुन्द बहादुर खड्का**

**पब्लिक एडभरटाइजिङ्ग प्रा. लि. का प्रबन्ध निर्देशक तथा नेपाल विज्ञापन संघका सचिव श्री सन्तोष खड्काज्युका पुजनिय पिता श्री मुकुन्द बहादुर खड्काको स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्यतिथिमा उहाँको आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।**

**साथै यस दु:खद घडीमा ईश्वरले शोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामना गर्दछौं ।**

**हिमालय टाइम्स परिवार**

**ईम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि.**

मध्यबानेश्वर काठमाडौं ।



## INVITATION FOR BIDS

**Molung Rural Municipality**

**Office of the Municipal Executive**

Prapcha, Okhaldhunga

**Invitation for Bids for Procurement of Steel parts (Supply, fabrication & Transportation) of suspended bridge**

**First Date of Publication: 31-01-2022**

1. **The Government of Nepal** has allocated funds to Molung Rural Municipality for **Procument of Steel parts (Supply, fabrication & Transportation) of suspended bridge.** Molung Rural Municipality electronic bids sealed quotation Bidding procedures.
2. Bidding documents may be purchased from the office of Molung Rural Municipality, Prapcha Okhaldhunga or www.bolpatra.gov.np by eligible Bidders, on submission of a written application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the last date of purchase of bidding document 16-02-2022.
3. Bids must be submitted through www.bolpatra.gov.np, before **12:00 noon on 16-02-2022.** Documents received after this deadline shall not be accepted.
4. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Molung Rural Municipality on on 16-02-2022. Bids must be valid for a period of **45 days** after bid opening and must be accompanied by bid security, which shall be valid for **30 days** beyond the bid validity period.

Bidder has to deposit Bid document fee in Deposit **Account No. 0880515147703008, Molung GAU KAARYAAPAALIKA GA-1.1, ANTARIK RAJASHWO KHATA, SUNRISE BANK LIMITED, MOLUNG BRANCH, PRAPCHA, OKHALDHUNGA** and submit/upload bank deposit voucher along with the bid. If bidder wishes to submit the Bid Security Amount in the form of cash, bidder has to deposit cash in Deposit **Account No. 0880515147703002, MOLUNG GAU KARYAPALIKA GA 3 DHARAUTI KHATA** and submit bank deposit voucher along with the bid.

If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.

**The Seal Quotation no. and identification of the contract are as follows:-**

| Seal Quotation No | Estimated Amount, NRs (Including VAT) | Bid Security Amount NRs | Bid Document Fee NRs | Last date & time for bid Purchase & Submission | Last date & time for bid opening |
|---|---|---|---|---|---|
| MOLUNG.MUN. SQ.TB.02/078/079 | 1714460.03 | 50000.00 | 1000.00 | 16-02-2022 (12:00 noon) | 16-02-2022 (2:00 pm) |
| MOLUNG.MUN. SQ.TB.03/078/079 | 1397092.92 | 40000.00 | 1000.00 | 16-02-2022 (12:00 noon) | 16-02-2022 (2:30pm) |
| MOLUNG.MUN. SQ.TB.04/078/079 | 956876.73 | 25000.00 | 1000.00 | 16-02-2022 (12:00 noon) | 16-02-2022 (3:00pm) |

**A. Chief Administrative Officer**


CMYK